# दशौ र एघारौ वार्षिक साधारण सभाको

## निर्णय (माईन्यूट) विवरण

२०७५/०७६ र २०७६/०७७

कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड

पोखरा

# कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड
## दशौ र एघारौ वार्षिक साधारण सभा
को
## निर्णय (माईन्यूट) विवरण

**१. वैधानिक सभा :**
कालिका लघुवित्त वित्तीय संस्था लिमिटेडको २०७७ साल चैत्र ११ गते बसेको संचालक समितिको १९८ औं बैठकको निर्णयानुसार यस लघुवित्त वित्तीय संस्थाको दशौ र एघारौ वार्षिक साधारण सभा आज मिति २०७८।०१।०७ गते मंगलवार कम्पनी ऐन, २०६३ र लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली बमोजिम संचालक समितिका अध्यक्ष श्री विकाश गौचनज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा बसी निम्न विषयहरु उपर छलफल तथा निर्णय भई देहाय बमोजिमको काम कारवाहीहरु सूसम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान :**
मिति : २०७८/०१/०७ गते (तदनुसार २० अप्रिल २०२१) मंगलबार
समय : विहान ८.०० बजे
स्थान : होटल टास्क इन्टरनेशनल प्रा. लि. को सभाहल, पोखरा महानगरपालिका -१०, बुद्धचोक, कास्की

**३. सभाको सूचना :**
२०७७ साल चैत्र ११ गते बसेको संचालक समितिको १९८ औ बैठकको निर्णयानुसार यस लघुवित्त वित्तीय संस्थाको दशौ र एघारौ वार्षिक साधारण सभाको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार सो सभामा छलफल हुने विषयहरु सहितको विवरण खुलाई मिति २०७७१२११२ र मिति २०७७१२१२९ गतेको राष्ट्रिय दैनिक पत्रिका राजधानीमा प्रकाशित गरिएको थियो । वार्षिक साधारण सभा बस्ने सूचनाको साथै संक्षिप्त वार्षिक आर्थिक विवरण पुस्तिका शेयरधनी महानुभावहरुले उपलब्ध गराउनु भएको ठेगानामा यथा समयमा पठाइएको । यसका अतिरिक्त साधारण सभा हुने सम्बन्धी सूचना र प्रस्तावहरु लघुवित्त वित्तीय संस्थाको वेवसाईटमा समेत राखिएको थियो ।

**४. वार्षिक साधारण सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची**

(क) सामान्य प्रस्तावहरु :

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२) आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन सहित २०७६ आषाढ मसान्त र २०७७ आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो संग सम्वन्धित अनुसूचीहरु तथा साविक जनसेवी लघुवित्त वित्तीय संस्थाको आर्थिक वर्ष २०७५/०७६ र मिति २०७६ श्रावण ०१ गतेदेखि २०७६ पौष २२ गतेसम्मको वित्तीय विवरण स्विकृत गर्ने ।

३) आर्थिक वर्ष २०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । साथै, आर्थिक वर्ष २०७६/०७७ को लेखापरीक्षणका लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत भए अनुसार नियुक्त लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

४) सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूहबाट ४ जना र सर्वसाधारण समूहबाट २ जना गरी जम्मा ६ जना सञ्चालकको निर्वाचन गर्ने ।

ख) विशेष प्रस्ताव :

१) यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा महानगरपालिका वडा नं.-१० मा रहने गरी प्रबन्धपत्रको दफा २ र नियमावलीको नियम २ मा संशोधन गर्ने ।

२) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूंजी रु. २५,२३,३०,०००।०० को १० प्रतिशतले हुन आउने रु. २,५२,३३,०००/- बराबरको २५२,३३० कित्ता बोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

३) चुक्ता पुँजी वृद्धि हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूँजी वृद्धि सम्बन्धित प्रस्ताव स्वीकृत गर्ने ।

४) वित्तीय संस्थाको हाल कायम कुल पूँजी संरचनामा संस्थापक तथा सर्वसाधारण समूहको शेयर स्वामित्व क्रमशः ६४.५२ प्रतिशत र ३५.४८ प्रतिशत रहेकोमा नियमनकारी निकायबाट स्वीकृति प्राप्त भए पश्चात् कार्यान्वयन गर्ने गरी संस्थापक समूहको शेयर स्वामित्व ५४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ४५.४८ प्रतिशत कायम गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

५) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका विभिन्न दफा तथा नियमहरुमा आवश्यक संशोधन गर्ने ।

६) यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्याकन गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गराउन सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

७) प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) विविधः

५. उपस्थिति :-

(क) संचालकहरुको उपस्थिति :-

| क. स. | नाम | पद | शेयर सख्या |
|---|---|---|---|
| १ | श्री विकास गौचन | अध्यक्ष | १८००० |
| २ | श्री कृष्ण बहादुर खाँण | संचालक | १५१२० |
| ३ | श्री मेघनाथ सुवेदी | संचालक | १२००० |
| ४ | श्री संतोष श्रेष्ठ | संचालक | ३८८८० |
| ५ | श्री शान्ता कुमारी उप्रेती | संचालक | १५६०० |
| ६ | श्री विश्वराज नेपाल | संचालक | ५९३ |
| ७ | श्री अनुराग वाग्ले | स्वतन्त्र संचालक | नभएको |

(ख) अन्य पदाधिकारीको उपस्थिति :-

| क. स. | नाम | पद |
|---|---|---|
| १ | श्री निलकण्ठ उप्रेती | पूर्व प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयोग एव संस्थापक शेयरधनी |
| २ | चन्द्र बहादुर बस्नेत | संस्थापक अध्यक्ष |
| ३ | गोविन्द पौडेल | पूर्व सदश्य, राष्ट्रिय मानव अधिकार |

| | | |
|---|---|---|
| | | आयोग एव संसथापक शेयरधनी |
| ३ | महेन्द्र अधिकारी | प्रकाअ /कम्पनी सचिव |
| ४ | श्री सुकदेव गौतम | निर्वाचन अधिकृत |
| ५ | सि ए श्री आसिक आचार्य | लेखा परीक्षक |
| ६ | श्री कमल नेपाल | शेयर रजिष्ट्रार एन एम बि क्यापिटल लि. |

(ग) शेयरधनीहरुको उपस्थिति :-

१).कुल शेयर (संख्यामा) - २५२३३००
२) जम्मा शेयरधनी - ३२७७७
३).जम्मा शेयरधनिको प्रतिनिधित्व (संख्यामा) - ३१८
४) जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) १५२४४४६
५) जम्मा शेयरको प्रतिनिधित्व (प्रतिशतमा): ६०.४१ प्रतिशत
शेयरधनीहरु स्वयं: ७६
प्रोक्सी मार्फत् : २४२
जम्मा : ३१८

६. **गणपूरक संख्या :-**

१).कुल शेयर (संख्यामा) - २५२३३००
२) जम्मा शेयरधनी - ३२७७७
३) जम्मा शेयरधनिको प्रतिनिधित्व (संख्यामा) - ३१८
४) जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) १५२४४४६
५) जम्मा शेयरको प्रतिनिधित्व (प्रतिशतमा): ६०.४१ प्रतिशत
शेयरधनीहरु स्वयं: ७६
प्रोक्सी मार्फत् : २४२
जम्मा : ३१८

**७. सभाको वैधानिकता र सभा सञ्चालन:**

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र बियमावली को नियम १८ (३) बमोजिम सभा बोलाइएको र सभाको लागि आवश्यक गणपूरक संख्याको हकमा कम्पनी ऐनको दफा ७३(२) तथा लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २३ मा उल्लेख भए बमोजिम गणपुरक सख्याको हकमा ५० प्रतिशतभन्दा बढी अर्थात ६०.४१ प्रतिशत शेयरधनिहरुको प्रतिनिधित्व पुगेको हुंदा सभा संचालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनी महानुभावहरुमा अवगत गराउदा उपस्थित शेयरधनिहरु बाट सो को अनुमोदन भएपछि सभाको कार्यक्रम बिहान ९.१५ बजे शुरुभयो ।

कम्पनी ऐन, २०६३ को नियम ७४(१) र यस वित्तीय सस्थाको विनियमावली २०६७ को नियम १९ (१). मा व्यवस्था भए वमोजिम कम्पनी सचिवले वित्तीय सस्था सचालक समितिका अध्यक्षले साधारण सभाको अध्यक्षता गर्ने व्यवस्था रहेको व्यहोरा सहित वित्तीय संस्था संचालक समितिका अध्यक्ष श्री बिकास गौचनज्यू लाई सभाको अध्यक्षता गर्न अनुरोध गर्नुभए पछि वित्तीय संस्था संचालक समितिका अध्यक्ष श्री विकास गौचनज्यूले सभाको सभापतित्व गर्नभयो ।

**८. अध्यक्षको प्रतिवेदन प्रस्तुती:**

८.१. संचालक श्री मेधनाथ सुवेदीले स्वागत मन्तव्य राख्नु भयो ।

८.२ संस्थापक अध्यक्ष श्री चन्द्र बहादुर बस्नेतले शुभकामना मन्तव्य राख्नु भयो ।

८.३ पूर्व प्रमुख निर्वाचन आयुक्त श्री निलकण्ठ उप्रेतीले शुभकामना मन्तव्य राख्नु भयो ।

८.४ सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा संचालक समितिका अध्यक्ष श्री विकाश गौचनज्यूले संचालक समितिको दशौं र एघारौं वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो ।

८.५ लेखा परीक्षक श्री आशिक आचार्यले लेखा परीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन सहित २०७६ आषाढ मसान्त र २०७७ आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु तथा साविक जनसेवी लघुवित्त वित्तीय संस्थाको आर्थिक वर्ष २०७५/०७६ र मिति २०७६ श्रावण ०१ गते देखि २०७६ पौष २२ गते सम्मको वित्तीय विवरण प्रस्तुत गर्नु भयो

अध्यक्षको प्रतिवेदन र लेखा परीक्षकको प्रतिवेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिव श्री महेन्द्र अधिकारीले प्रतिवेदन उपर छलफलका लागि इच्छुक शेयरधनी महानुभावहरुलाई आह्वान गर्नुभयो ।

**९. छलफलमा सहभागी हुनभएका शेयरधनि महानुभावहरु:**

छलफलको क्रममा भाग लिने निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

**क शेयरधनी श्री बुद्धिसागर बराल :**

- वित्तीय संस्थाको केन्द्रीय कार्यालय रहेको बालिङ्ग बैंकिङ्ग क्षेत्रको लागि उर्वर भूमी रहेको ।
- संस्थामा हाल कार्यरत रहनु भएका कार्यकारी प्रमुखको योग्यता, क्षमता र सीपलाई उपयोग गरी संस्था बलियो बनाउन सबैले सहयोग गर्नुपर्ने ।
- संस्थाको वित्तीय सूचकाङ्कहरु राम्रो देखिए पनि नाफामा सोही अनुपातमा वृद्धि नभएको ।
- आगामी बर्ष लाभांस १० प्रतिशतबाट ३० प्रतिशत पुऱ्याउन सक्नु पर्ने ।
- आगामी चौथो त्रयमासमा ८ करोड खुद नाफा गर्नुपर्ने ।
- प्रतिवेदनको पेज नं ७ मा EPS, Networth, OSS आदि समेत उल्लेख गर्नु पर्ने ।
- Indicator हरुलाई Diagram मा राख्दा राम्रो हुने ।
- वित्तीय संस्थाको वित्तीय विवरण पेज नं ९ मा संचालकहरुको योग्यता, क्षमता र ठेगाना थप्नु पर्ने ।
- वित्तीय संस्थाको वित्तीय विवरण पेज नं १० मा लेखापरीक्षकको नियुक्ति NFRS Report तयारीको लागि समेत गर्नुपर्ने ।
- संस्थामा संचालकहरुको संयोजकत्वमा गठित समितिहरुको संयोजक र समितका अन्य सदश्यहरुको नामावली उल्लेख गर्नु पर्ने ।
- वित्तीय संस्थाको वित्तीय विवरण पेज न २८ मा ब्याज तिर्नु नपर्ने बचत भनेको के हो ?
- Nepal Finsoft मा लगानी भएको तर लाभांस प्राप्त भए नभएको विवरण नखुलेको ।
- मर्जरबाट संस्थाहरुको ओभरहेड खर्च कम हुने र व्यवसायमा वृद्धि हुने भएकोले मर्जर प्रकृया अघि बढाउनु पर्ने ।

**ख शेयरधनी श्री गणेश पौडेल**

- नयां बन्ने संचालक समितिमा महिला सीटको अनिवार्य व्यवस्था गरेर मात्र निर्वाचनमा जानुपर्ने अन्यथा निर्वाचन हुन नदिने र अवैध घोषणा गरिने ।

**ग शेयरधनी श्री दण्डपानी शर्मा सुवेदी**

- यस साधारण सभामा कालिका लघुवित्त जन्माउने संस्थापक अध्यक्ष श्री चन्द्र बहादुर बस्नेतलाई सम्मान गर्न नसकिएको ।

घ शेयरधनी श्री पदमपानी काफले

- यस संस्थाको १५६ जना शेयरधनीहरुलाई वार्षिक प्रतिवेदन अध्ययनको लागि केही दिन अगावै उपलब्ध गराउनु पर्नेमा सो नगरिएको ।
- कर्मचारीहरु बिचमा काखी च्याप्ने प्रवृत्ति हिजोको कालिका र जनसेवीमा पनि रहेको र हाल पनि देखिएको ।
- सस्थाले नेप्सेमा शुल्क बुझाउन गरेको ढिलासुस्तीको कारणले लगानीकर्ताहरुले दुःख पाईएको ।
- संचालक समितिले भोट माग्ने काम गरेको ।
- निर्वाचन सर्वसम्मतिले गर्नु पर्ने कोही कसैले पनि दम्भ र निषेधको कार्य गर्न नहुने ।
- प्रतिवेदनमा सम्पूर्ण शेयर धनीहरुको नामावली समावेश गर्नुपर्ने ।

ङ. शेयरधनी श्री टंक लामिछाने

- डिम्याटमा शेयर अद्यावधिकको लागि पटक पटक भनिएको भए पनि हालसम्म अद्यावधिक नभएको ।
- राम्रो सदस्यलाई कर्जा लगानी गर्न सिफारिस गर्दा आलटाल गरी ७ दिन लाग्छ भन्दै लगानी नगरेकोले मैले मेरै बैकबाट १ दिनमा लगानी गरेको ।
- चुनाव प्रचार प्रसार गर्न अध्यक्षले कर्मचारी लिएर हिडेको ।
- विज्ञहरुलाई समितिमा नराखेको ।
- जनसेवीसगै खुलेका अन्य संस्थाहरुको धेरै प्रगति भईसकेको ।
- अध्यक्ष विरामी होस वा जे सुकै होस हामी सुन्न चाहदैनौ । हामीले लगानी गरेको हो मुनाफा चाहियो ।
- लेखाको ज्ञान नभएका बुढो र बिरामी मान्छे समितिमा ल्याउन नहुने ।

च शेयरधनी श्री भोलानाथ शर्मा :

- तथ्याङ्कहरु कमजोर रहेको, NFRS अनुसार वित्तीय विवरण नभएको ।
- लेखापरीक्षकले कति वटा शाखाको लेखापरीक्षण गरेको हो सो प्रतिवेदनमा नखुलेको ।
- लेखाप्रतिवेदनमा ICAN को भाषा मात्र रहेको ।
- शाखाहरुमा भएको अनियमिततामा संलग्न कति कर्मचारीहरुलाई कारवाही भयो सो को विवरण नरहेको ।
- उच्च कर्मचारीहरुबाट कर्मचारीहरुलाइ दिएको अनावश्यक दवावले संस्था छोड्न बाध्य बनाएको ।
- महंगो होटलमा कार्यक्रम संचालन गरेको ।
- उपलब्धी विहिन भ्रमणमा संचालकहरुको अनावश्यक खर्च बढी देखिएको ।
- खराव कर्जा असुलीमा के कति पहल गरियो सो को विवरण नखुलेको ।
- संचालक समितिमा काम गर्न सक्ने क्षमता भएको र निष्पक्ष व्यक्ति चयन गरिनु पर्ने ।
- संस्था छिमेकी सुर्योदय लघुवित्त भन्दा धेरै कमजोर रहेको ।

छ. शेयरधनी श्री माया बस्नेत

- यस वित्तीय संस्थाको हरेक साधारण सभामा विवाद हुने गरेकोमा यस पटक यस्तो विवाद नहुनेमा आशावादी छु ।
- धेरै लगानी गर्ने शेयरधनी सक्षम हुने र कम लगानी गर्ने शेयरधनी कमजोर हुने भन्ने भावना हुन नहुने ।

ALBSI NEPAL

- पटक पटक मेरो नाम फेरबदल गरेकोले सच्याईदिन भनेको तर हालसम्म नसच्याई दिएकोले डि-म्याटमा जान नसकिएको ।
- संस्थाको लागि समय दिन सक्ने र संस्थालाई नाफामा लैजान सक्ने संचालकहरु समितिमा आउनु पर्ने ।

**ज  शेयरधनी श्री चन्द्र बहादुर क्षेत्री**

- लघुवित्त संस्थाहरुले चक्रबृती ब्याज लिने गरेको र झन जनतालाई गरीब बनाएको आरोप रहेको छ ।
- कर्जा असुली गर्न नसकिरहेको अवस्था ।
- म आफुले कर्मचारीहरुलाई निशुल्क तालिम दिएको ।
- कर्जामा दोहोरो पना भएको र दश बाह्र वटा संस्थामा कर्जा लिएर अन्य संस्थामा तिर्ने गरेको देखिएको ।
- कर्मचारीहरुको विचमा फाटो रहेको ।
- संचालकहरु गाउं गाउंमा हिड्न मिल्ने हो वा होइन । नीति बनाएर लागू गर्ने हो वा होईन ।
- संस्थाले नाफा दिन नसकिनुका कारणहरु के के हुन अध्ययन गरिनु पर्ने ।
- सचालकहरुले नै कर्मचारीहरु काखापाखा गर्ने गरेको देखिएको ।
- महिला सीटको हकमा निर्वाचन अधिकृत स्पष्ट हुनु पर्ने ।

**झ  शेयरधनी श्री रामचन्द्र रेग्मी**

- वर्षको एक पटक हुने साधारण सभाको जानकारी हामीलाई नगराईएको ।
- संस्थाले चर्को ब्याज अशुल गरी जनतालाई घर न घाटको बनाएर हामीलाई नाफा चाहिएन ।
- संचालकहरुको दायित्व रुकुम रोल्पा जाने हैन सस्थालाई नाफमा लैजानु हो ।
- विगतमा कर्मचारीहरुले बदमासी गरेको र हालसम्म कारवाही गरेको नदेखिएको ।
- शेयरहोल्डरहरुले कर्मचारीहरुलाई काखी च्यापेको देखिएको ।

**ञ  शेयरधनी श्री भरत कुमार श्रेष्ठ**

- कर्मचारीहरुलाई नियुक्ति दिएर सोझै शाखामा पठाएकोले तमसुक तैयार गर्न समेत नजानेको पाईएको हुंदा कर्मचारीहरुलाई तालिम दिएर मात्र शाखामा खटाउनु पर्ने ।

**१०. सभामा पेश भएका सुझाव तथा जिज्ञासाको जवाफ :**

छलफलको क्रममा सहभागी हुने शेयरधनी महानुभावहरुले पेश गर्नुभएको आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव तथा प्रतिक्रियाहरु उपर अध्यक्ष र अध्यक्षको आदेशानुसार प्रमुख कार्यकारी अधिकृतले दिनुभएको प्रत्युत्तरलाई सारांशको रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**अध्यक्षको जवाफ :**

- *अध्यक्ष भए पछि धेरै स्थानमा घुम्ने गरेको जसबाट कर्मचारीहरुमा केही उर्जा थपिएको । संचालकहरुले समेत समय समयमा शाखाहरुको निरीक्षण गरिरहनु पर्ने पनि देखिएको ।*
- *यस सभामा अस्वभाविक रुपमा नसोचिएला भनेर साथीको रुपमा कर्मचारीहरु लिएर हिडेको हो ।*

**प्रमुख कार्यकारी अधिकृतको जवाफ :**

- *सर्वप्रथम शेयरधनीज्यूहरुबाट प्राप्त सल्लाह, सुझाव तथा जिज्ञासाहरुको लागि धन्यवाद दिन चाहन्छु । यहाहरुबाट प्राप्त मार्ग निर्देशन र आगामी दिनहरुमा यहांहरुको सल्लाह, सुझाव बमोजिम अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु ।*

NEPAL

- प्रतिवेदनमा साविक जनसेवी र साविक कालिका लघुवित्तको आ.व.२०७४/२०७५, २०७५/२०७६ र २०७६/२०७७ को विवरणहरु समेत उल्लेख गर्नु पर्ने भएकोले प्रतिवेदन ठूलो भएको र चार्ट ग्राफमा प्रस्तुत गर्न सम्भव नरहेको ।
- आगामी दिनमा वार्षिक प्रतिवेदनमा संचालकहरुको शैक्षिक योग्यता र ठेगानाहरु राखिने व्यवस्था गरिने छ ।
- आगामी दिनमा वार्षिक प्रतिवेदनमा उपसमितिहरुका सदस्यहरु समेतको नाम उल्लेख गरिने छ ।
- Nepal Finsoft मा भएको लगानीमा लाभांस प्राप्त नभएको ब्यहोरा जानकारी गराउदछु ।
- महिला संचालक ल्याउने गरी नियमावलीमा संशोधन प्रस्ताव गरि सकिएको छ र यस साधारण सभामा समेत महिला संचालक राख्ने सम्बन्धि विषय छलफलमा उठेको छ ।
- संस्थापकहरुको ठेगाना स्पष्ट नभएकोले प्रतिवेदन समयमा नपुगेको हुन सक्दछ । प्रतिवेदन यथा समयमा पठाइ सकिएको छ ।
- नेप्सेमा शुल्क ढिला बुझाएर नभई साधारण सभा समयमा सम्पन्न गर्न नसकेको कारण शेयर कारोवार रोकिएको र आगामी दिनमा साधारण सभा समयमै सम्पन्न गर्ने गरी खुलाईएको ।
- प्रतिवेदनमा सबै शेयरधनीहरुको नामावली उल्लेख गर्न सम्भव नभएको र ०.५ प्रतिशत भन्दा बढी शेयर भएका शेयरधनीहरुको नामावली समावेश गरिएको ।
- संस्थापक अध्यक्षलाई संस्थाले सम्मान गरेको छ तर छुट्टै तरिकाले सम्मान गर्ने परम्परा यस संस्थामा हालसम्म नरहेको ।
- कर्मचारीहरु चुनाव प्रचार प्रसारमा खटिएका हैनन् कार्यालय समयमा कार्यालयमा नै रहेका थिए ।
- आ.व २०७६/२०७७ सम्म NFRS तयार गर्नु नपर्ने भएकोले नगरिएको र आ.व २०७७/२०७८ देखि अनिवार्य रुपमा NFRS अनुसार तयार गर्नु पर्ने भएकोले सो तयार गरिने छ ।
- अनियमिततामा संलग्न कर्मचारीहरुलाई कारवाही गर्न संचालकज्यूको संयोजकत्वमा छानवीन समितिं बनाईएको र कारवाहीको प्रकृया अघि बढीरहेको छ ।
- कर्मचारीहरु सबै एउटै भएकोले कर्मचारीहरुमा भएको विभेद र दवावको छानवीन गरिने छ ।
- तुलनात्मक रुपमा संस्था कमजोर नरहेको र लघुवित्त संस्थालाई कमजोर ठान्ने सोचलाई परिवर्तन गर्नुपर्ने ।
- संस्थामा खराब कर्जा असुलीका लागि निरन्तर पहल भईरहेको ।
- आजको अवस्थामा मो.युनुसको अवधारणाले संस्था चल्न नसक्ने भएकोले सुधारिएको ग्रामीण अवधारणा अनुसार संस्थालाई अघि बढाईएको ।
- सम्पर्क नम्बर उपलब्ध भएसम्मका शेयरधनीहरुलाई साधारण सभा सम्बन्धी सूचना म्यासेज एव टेलिफोन गरिएको र सम्पर्क नम्बर स्पष्ट नभएकाहरुले आफ्नो नम्बर र ठेगाना अद्यावधिक गरिदिनु हुन अनुरोध छ ।
- शेयर अद्यावधिक गर्ने कार्य बाकी रहेकोले छिटै अध्यावधिक गरिनेछ ।
- संस्थापक शेयरधनीहरुले कर्जा लगानीका लागि सिफारिस गर्न नहुने र यदी कर्मचारीहरुको कमजोरीहरु भएमा प्रमुख कार्यकारी अधिकृत समक्ष जानकारी गराउनुहुन अनुरोध छ ।
- कर्मचारीहरुलाई तालिम दिएर मात्र शाखामा खटाउनु पर्ने सूझाव तत्काल कार्यान्वयन गरिनेछ ।

## ११. कदर पत्र प्रदान

श्री मेघनाथ सुवेदी साविक श्री जनसेवी लघुवित्त वित्तीय संस्थाको संस्थापना देखि संचालक पदमा रही गर्नु भएको योगदान र श्री सन्तोष श्रेष्ठले मिति २०७१।०९।२७ गते देखि सचालक पदमा रहि गर्नु भएको योगदान को कदर स्वरुप कदर-पत्र प्रदान भयो ।

१२. प्रस्ताव र सभाको निर्णय

अध्यक्ष ज्यूले जवाफ दिने क्रम सकिए पछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागि कम्पनी सचिवबाट प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने निर्णय भयो :

सामान्य प्रस्ताव र निर्णयहरु

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु भएको संचालक समितिको आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ को दशौ र एघारौ वार्षिक प्रतिवेदन पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुदा सभामा उपस्थित शेयरधनिहरु बाट सर्वसम्मतीले पारित गर्ने निर्णय भयो ।

२. आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन सहित २०७६ आषाढ मसान्त र २०७७ आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु तथा साविक जनसेवी लघुवित्त वित्तीय संस्थाको आर्थिक वर्ष २०७५/०७६ र मिति २०७६ श्रावण ०१ गतेदेखि २०७६ पौष २२ गतेसम्मको वित्तीय विवरण स्विकृत गर्ने ।

आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन सहित २०७६ आषाढ मसान्त र २०७७ आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु तथा साविक जनसेवी लघुवित्त वित्तीय संस्थाको आर्थिक वर्ष २०७५/०७६ र मिति २०७६ श्रावण ०१ गतेदेखि २०७६ पौष २२ गतेसम्मको वित्तीय विवरण निर्णयार्थ सभामा प्रस्तुत हुदा सभामा उपस्थित शेयरधनिहरु बाट सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय भयो ।

३. आर्थिक वर्ष २०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । साथै, आर्थिक वर्ष २०७६/०७७ को लेखापरीक्षणका लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत भए अनुसार नियुक्त लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

मिति २०७७।१२।२३ गते बसेको सचालक समितिको बैठक नं १९९ बाट लघुवित्त वित्तीय संस्थाको लेखा परीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७७।७८ को लेखा परीक्षणका लागि श्री आसिक आचार्य एण्ड एसोसियटस् ,चाटर्ड एकाउण्टेण्टस्लाई बाकी कर बाहेक रु ४००,०००। पारिश्रमिक प्रदान गर्न सिफारिस भएको प्रस्ताव सभामा निणयार्थ प्रस्तुत हुदा सभामा उपस्थित शेयरधनिहरु बाट सर्वसम्मतीले आर्थिक वर्ष २०७७।७८ को लेखा परीक्षणका लागि श्री आसिक आचार्य एण्ड एसोसियटस् ,चाटर्ड एकाउण्टेण्टस्लाई नियूक्त गरी कर बाहेक रु ४००,०००। पारिश्रमिक प्रदान गर्ने निर्णय भयो ।
साथै, आर्थिक वर्ष २०७६/०७७ को लेखापरीक्षणका लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७७/०९/०६ गते स्वीकृत भए अनुसार नियुक्त लेखापरीक्षक श्री आसिक आचार्य एण्ड एसोसियटस् ,चाटर्ड एकाउण्टेण्टस्लाई कर बाहेक रु ४२५,०००। पारिश्रमिक निर्धारण गरिएको निर्णयलाई निर्णयार्थ सभामा प्रस्तुत हुदा सभामा उपस्थित शेयरधनिहरु बाट सर्वसम्मतीले अनुमोदन गर्ने निर्णय भयो ।

ख) बिशेष प्रस्ताव र निर्णयहरु

१) यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा महानगरपालिका वडा नं.-१०, मा रहने गरी प्रबन्धपत्रको दफा २ र नियमावलीको नियम २ मा संशोधन गर्ने ।

यस लघुवित्त वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा महानगरपालिका वडा नं.-१० मा रहने गरी प्रबन्धपत्रको दफा २ र नियमावलीको नियम २ मा संशोधन गर्ने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत हुदा सभामा उपस्थित शेयरधनिहरु बाट सर्वसम्मतीले पारित गर्ने निर्णय भयो ।

**प्रबन्धपत्रको दफा २ मा संशोधन :**
**लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :**
१. यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १० मा रहनेछ ।
२. लघुवित्त वित्तीय संस्थाको कार्यक्षेत्र नेपाल भर हुनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिइ आवश्यकता अनुसार शाखा , उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ ।
**नियमावलीको नियम २ मा संशोधन :**
**लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड ( केन्द्रीय ) कार्यालय रहने ठेगाना**
१. यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १० मा रहनेछ ।
२. लघुवित्त वित्तीय संस्थाको कार्यक्षेत्र नेपाल भर हुनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिइ आवश्यकता अनुसार शाखा , उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ ।

२) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूंजी रु. २५,२३,३०,०००।०० को १० प्रतिशतले हुन आउने रु. २,५२,३३,०००/- बराबरको २५२,३३० कित्ता बोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूंजी रु. २५,२३,३०,०००।०० को १० प्रतिशतले हुन आउने रु. २,५२,३३,०००/- बराबरको २५२,३३० कित्ता बोनस शेयर जारी गर्ने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत हुदा सभामा उपस्थित शेयरधनिहरु बाट सर्वसम्मतीले पारित गर्ने निर्णय भयो ।

३) चुक्ता पूंजी वृद्धि हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूंजी वृद्धि सम्बन्धित प्रस्ताव स्वीकृत गर्ने ।

चुक्ता पूंजी वृद्धि हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूंजी वृद्धि सम्बन्धित प्रस्ताव स्वीकृत गर्ने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत हुदा सभामा उपस्थित शेयरधनिहरु बाट सर्वसम्मतीले पारित गर्ने निर्णय भयो ।

**प्रवन्धपत्रको दफा ६(ख) मा संशोधन :**
लघुवित्त वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूंजी रु २७,७५,६३,०००।- (सत्ताईस करोड पचहत्तर लाख त्रिसट्ठी हजार रुपैया) हुनेछ । सो पूजीलाई प्रति शेयर रु १००।- दरका २७,७५,६३० (सत्ताईस लाख पचहत्तर हजार छ सय तिस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

प्रवन्धपत्रको दफा ६(ग) मा संशोधन :
लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी रु २७,७५,६३,०००।- (सत्ताईस करोड पचहत्तर लाख त्रिसट्ठी हजार रुपैया) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००।- दरका २७,७५,६३० (सत्ताईस लाख पचहत्तर हजार छ सय तिस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

४) वित्तीय संस्थाको हाल कायम कुल पूंजी संरचनामा संस्थापक तथा सर्वसाधारण समूहको शेयर स्वामित्व क्रमश: ६४.५२ प्रतिशत र ३५.४८ प्रतिशत रहेकोमा नियमनकारी निकायबाट स्वीकृति प्राप्त भए पश्चात् कार्यान्वयन गर्ने गरी संस्थापक समूहको शेयर स्वामित्व ५४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ४५.४८ प्रतिशत कायम गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

लघुवित्त वित्तीय संस्थाको हाल कायम कुल पूंजी संरचनामा संस्थापक तथा सर्वसाधारण समूहको शेयर स्वामित्व क्रमश: ६४.५२ प्रतिशत र ३५.४८ प्रतिशत रहेकोमा नियमनकारी निकायबाट स्वीकृति प्राप्त भए पश्चात् कार्यान्वयन गर्ने गरी संस्थापक समूहको शेयर स्वामित्व ५४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ४५.४८ प्रतिशत कायम गर्ने प्रस्ताव स्वीकृत गर्ने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत हुदा सभामा उपस्थित शेयरधनिहरु बाट सर्वसम्मतीले पारित गर्ने निर्णय भयो ।

५) वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीका विभिन्न दफा तथा नियमहरुमा आवश्यक संशोधन गर्ने ।
वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीका विभिन्न दफा तथा नियमहरुमा आवश्यक संशोधन गर्ने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत हुदा सभामा उपस्थित शेयरधनिहरु बाट सर्वसम्मतीले पारित गर्ने निर्णय भयो ।

**प्रवन्धपत्रको दफा ६ (घ) मा संशोधन :**

लघुवित्त वित्तीय संस्थाले सर्वसाधारणलाई विक्रीको लागि छुट्टाएको कुल शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म लघुवित्त वित्तीय संस्थाका कर्मचारीलाई छुट्टाई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।

**प्रवन्धपत्रको दफा ६ (ङ) मा संशोधन :**

संस्थापक शेयरधनिहरुलाइ समुह (क) मा वर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ५४.५२ प्रतिशत हुनेछ ।

**प्रवन्धपत्रको दफा ६ (च) मा संशोधन :**

सर्वसाधारण शेयरधनिहरुलाइ समुह (ख) मा वर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ४५.४८ प्रतिशत हुनेछ ।

**नियमावलीको नियम २७ (२) (क) मा संशोधन :**

संस्थापक समुहका शेयरधनिह्रु समुह "क" वाट समझदारीवाट मनोनित वा निर्वाचित ४ जना, सर्वसाधारण शेयरधनिहरु समुह "ख"बाट निर्वाचित २ जना गरी ६ जान सञ्चालक मध्ये १ जना महिला संचालक अनिवार्य हुनु पर्नेछ र १ जना स्वतन्त्र सञ्चालक गरी ७ जनाको सञ्चालक समिति हुनेछ ।

६) यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सम्पत्ति तथा

दायित्वको मुल्यांकन गर्ने परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसंग सम्बन्धित प्रचलित कानुन बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गराउन सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

यस लघुवित्त वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्ने परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसंग सम्बन्धित प्रचलित कानुन बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गराउन सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत हुदा सभामा उपस्थित शेयरधनिहरु बाट सर्वसम्मतीले पारित गर्ने निर्णय भयो ।

७। प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत हुदा सभामा उपस्थित शेयरधनिहरु बाट सर्वसम्मतीले पारित गर्ने निर्णय भयो ।

ग) <u>बिबिध ।</u>

विविध बिषयमा वित्तीय संस्थाको मिति २०७५/१०/१९ गते सम्पन्न नवौ साधारण सभाको निर्णय अनुसार प्रति ४ शेयर बराबर ३ हकप्रद शेयर दिने निर्णय भएकोमा नेपाल राष्ट्र बैंकबाट हकप्रद दिने थप निर्देशन भएमा यस सभाले प्रस्ताव गरेको बोनस वितरण भए पश्चात कायम हुन आउने चुक्ता पूंजीको १:०.७५ का दरले ~~बोनस~~ हकप्रद शेयर जारी गर्ने प्रस्ताव यस सभाबाट समेत पुन अनुमोदन भयो । सो अनुसार शेयर जारी भएमा संस्थाको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधनका लागि विशेष प्रस्तावको निर्णय न ५ र ७ बमोजिम गर्ने समेत सर्वसम्मत निर्णय भयो ।

यसका साथै संचालक निर्वाचन प्रयोजनका लागि निर्वाचन कार्य समाप्त भए पश्चात पुनः बैठक बस्ने गरी सभा स्थगन भएको जानकारी बैठकलाई गराउन कम्पनी सचिवले सभाका अध्यक्षलाई अनुरोध गर्नुभएकोमा सभाका अध्यक्षले निर्वाचन कार्य सम्पन्न भए पश्चात पुनः सभा संचालन हुने गरी चालु सभा स्थगन गरिएको जानकारी गराउनुभयो ।

**सामान्य प्रस्ताव**

सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूहबाट ४ जना र सर्वसाधारण समूहबाट २ जना गरी जम्मा ६ जना सञ्चालकको निर्वाचन गर्ने ।

**४. संचालक समितिको निर्वाचन :**

सचालक निर्वाचन सम्बन्धमा निर्वाचन अधिकृत श्री सुकदेव गौतमलाई अनुरोध गरिएकोमा निर्वाचन अधिकृतज्यूले कालिका लघुवित्त वित्तीय संस्था संचालक निर्वाचन निर्देशिका, २०७० (संसोधन २०७७) बमोजिम मिति २०७७/१२/२९ गते

राजधानी दैनिक पत्रिकामा निर्वाचन कार्यक्रम प्रकाशन गरिएको । निर्वाचनमा संस्थापक समुहका शेयरधनिहरु समूह "क" बाट समझदारीवाट मनोनित वा निर्वाचित ४ जना, सर्वसाधरण शेयरधनिहरुवाट निर्वाचित दुई जना संचालक निर्वाचित हुने व्यवस्था वित्तीय संस्थाको नियमावली, २०६७ मा रहेकोले सोही बमोजिम संचालक समितिमा निर्वाचित / मनोनित गर्ने कार्यक्रम रहेकोमा निर्वाचन कार्यक्रम सम्पन्न गरी निर्वाचन अधिकृत श्री सुकदेव गौतमले निर्वाचनवाट संचालक पदमा निम्न व्यक्तिहरु निर्विरोध निर्वाचित भएको सभामा घोषणा गर्नुभयो ।

**संस्थापक समूह**

| क.सं | नाम / थर | पिता / पतिको नाम | ठेगाना | उमेर (वर्ष) | लिंग |
|---|---|---|---|---|---|
| १ | श्री विकास गौचन | श्री मुक्ति प्रसाद गौचन | रानीपानी ६ पर्वत हाल काठमाण्डौ | ७३ | पुरुष |
| २ | श्री कृष्ण बहादुर खाँण | श्री ज्ञान बहादुर खाँण | धनुवासे २ , स्याङ्जा हाल वालिङ्ग १ स्याङ्जा | ५२ | पुरुष |
| ३ | श्री शान्ता कुमारी उप्रेती | श्री निलकण्ठ उप्रेती | नयाबानेश्वर ३१, काठमाण्डौ | ६५ | महिला |
| ४ | श्री चन्द्र बहादुर क्षेत्री | श्री अमर बहादुर क्षेत्री | महाशिला , पर्वत हाल कुश्मा ६ पर्वत | ४२ | पुरुष |

**सर्वसाधारण समूह**

| क.सं | नाम / थर | पिता / पतिको नाम | ठेगाना | उमेर (वर्ष) | लिंग |
|---|---|---|---|---|---|
| १ | श्री विश्व राज नेपाल | श्री दामोदर नेपाल | नयागाउ १ काभ्रे हाल गोकर्णेश्वर ४ काठमाण्डौ | ४६ | पुरुष |
| २ | श्री केशव नारायण प्रधान | श्री कुल प्रसाद प्रधान | फलेवास न. पा ६ पर्वत | ५७ | पुरुष |

संचालक निर्वाचन प्रयोजनका लागि निर्वाचन कार्य सम्पन्न भए पश्चात पुनः सभा संचालन हुने गरी चालु सभा स्थगन भएकोमा सभा पुनः प्रारम्भ भई देहाय बमोजिम जम्मा ६ जना शेयरधनिहरु संचालकमा निर्वाचित भएको व्यहोरा सहित निर्वाचनलाई निर्णयार्थ कम्पनी सचिवले सभामा प्रस्तुत गर्दा सभामा उपस्थित शेयरधनि महानुभावहरु बाट सर्वसम्मतिले निजहरुको निर्वाचन अनुमोदन गर्ने निर्णय भयो ।

| क.सं. | उम्मेदवारको नाम | निर्विरोध / प्राप्त सदर मत | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री विकास गौचन | निर्विरोध | संस्थापक |
| २ | श्री कृष्ण बहादुर खाँण | निर्विरोध | संस्थापक |
| ३ | श्री शान्ता कुमारी उप्रेती | निर्विरोध | संस्थापक |
| ४ | श्री चन्द्र बहादुर क्षेत्री | निर्विरोध | संस्थापक |
| ५ | श्री विश्व राज नेपाल | निर्विरोध | सर्वसाधारण |
| ६ | श्री केशव नारायण प्रधान | निर्विरोध | सर्वसाधारण |

**१२. धन्यवाद ज्ञापन र सभा विसर्जन :**

सभाका अध्यक्ष श्री विकाश गौचनले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, सुझाव एव मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरिदिनु भएकोमा उपस्थित शेयरधनी महानुभावहरु, वित्तीय संस्थाको प्रगतिको लागि सहयोग, सद्भाव, अमूल्य सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरु, वित्तीय संस्थालाई सधै सहयोग पुऱ्याउनु

हुने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नियमन निकाय धितोपत्र बोर्ड ,नेपाल स्टक एक्सचेन्ज लि., शेयर रजिष्ट्रार श्री एनएमबी क्यापिटल लिमिटेड, आदरणीय सदस्य तथा समस्त सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नुभयो । साथै, बैंकको व्यवस्थापन तथा सम्पुर्ण लगनशिल कर्मचारीवर्गलाई हार्दिक धन्यवाद दिनु भयो ।

छलफल गर्नु पर्ने विषय बाँकी नभएको हुँदा अध्यक्ष ज्यूले साधारण सभा सम्पन्न गर्न सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनुहुँदै बेलुकी ६.०० बजे सभा विसर्जन गर्नुभयो ।

महेन्द्र अधिकारी
कम्पनी सचिव

विकास मौचन
अध्यक्ष
संचालक समिति

इति सम्वत २०७८ वैसाख महिना ७ गते रोज ३ शुभम् ............